नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय
**सडक डिभिजन, नेपालगञ्ज**

पत्र संख्याः २०८२/८३
चलानी नं.: ८०५

मितिः २०८३/०२/११

**विषयः सूचना सम्बन्धमा ।**

श्री नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज, बाँके,
श्री कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके ।
श्री जानकी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, मानपुर, बाँके ।
श्री बैजनाथ गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, रामपुर, बाँके ।

प्रस्तुत विषयमा यस डिभिजनको सूचना नं. १ मिति २०८३/०२/०८ गते प्रकाशित **"जमुनहा-नेपालगञ्ज-कोहलपुर-चिसापानी सडक खण्डको सडक सीमा खाली गर्ने सम्बन्धि सार्वजनिक सूचना !"** विषयक सूचनाको छाँयाप्रति थान १ (एक) यसै पत्र साथ संलग्न गरिएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस डिभिजनमा पठाई दिनुहुनका साथै सूचनामा उल्लेखित क्षेत्रको सडक सिमा (Right of Way) खाली गराउने कार्यमा आवश्यक समन्वय तथा सहयोग गरी दिनुहुनका लागी समेत अनुरोध छ ।

२०८३/०२/११

...................................
ई. राम सागर हरिजन
नि. डिभिजन प्रमुख
निमित्त डिभिजन प्रमुख

२०८३/०२/१२

फोन नं.: ९८५८०६०६०८, इमेलः dronepalgunj@gmail.com

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय

# सडक डिभिजन, नेपालगञ्ज

## जमुनहा-नेपालगञ्ज-कोहलपुर-चिसापानी सडक खण्डको सडक सीमा खाली गर्ने सम्बन्धि सार्वजनिक सूचना !

**(सूचना नं. १ ; प्रकाशित मिति : २०८३/०२/०८)**

सार्वजनिक सडक ऐन, २०३१ दफा ३क र दफा १९ मा राष्ट्रिय राजमार्गहरुको लागि तोकिएको सडक सीमा भित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गर्न नपाउने गरी निषेध गरेको र तोकिएको सडक सीमा भित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन सडक विभागको आदेशले भत्काउन सकिने तथा त्यसरी भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ । कर्णाली राजमार्गको जमुनहा देखि चिसापानीसम्म बिभिन्न स्थानहरुमा सडक सीमा अतिक्रमण भएको देखिएको जसका कारण दिनानुदिन सडक दुर्घटना बढेको परिप्रेक्ष्यमा पहिलो चरणमा यस डिभिजनले उक्त सडकखण्डको सडक सीमा भित्र अनाधिकृत रुपमा अतिक्रमण गरी बनाइएका स्थायी/अस्थायी संरचना हटाउनका लागि यो सूचना प्रकाशन गरेको छ ।

जमुनहा- नेपालगञ्ज- कोहलपुर- चिसापानी सडकखण्डको तपसिलमा उल्लेखित सडक सीमा भित्र अतिक्रमण गरी बनाइएका अनाधिकृत संरचना (घर/घरको छज्जा/टहरो/छाप्रो/खोका/ठेला/होर्डिङ्ग बोर्ड/निर्माण सामग्री आदि) यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र हटाउनको लागि सम्बन्धित सरोकारवाला सबैलाई सुचित गराइन्छ ।

- जमुनहा देखि गणेशमान चोकसम्म, कारकाँदो चोक देखि कोहलपुर बजारको चैनेज २०+९०० (यमहा सोरुम नजिक) सम्म र कोहलपुर बजारको २१+७५० (ईलाका प्रहरी कार्यालय नजिक) देखि कोहलपुर चोक हुँदै बैजनाथ गाउपालिकाको चिसापानी बजार (चैनेज ३२+८००) सम्म सडकको केन्द्ररेखा देखि दायाँ/बायाँ २५/२५ मिटर
- गणेशमान चोक देखि कारकाँदो चोकसम्म र कोहलपुर बजारको चैनेज २०+९०० देखि २१+७५० सम्म सडकको केन्द्ररेखा देखि दायाँ/बायाँ २१/२१ मिटर

तोकिएको समयावधि भित्र सडक सीमा अतिक्रमण गरी बनाइएका संरचनाहरु नहटाईएमा सार्वजनिक सडक ऐन २०३१ को दफा १९ को उपदफा ३ बमोजिम यस कार्यालयले हटाउने र सो कार्य बापत लाग्ने खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**डिभिजन प्रमुख**

फोन नं.: ९८५८०६०६०८, इमेलः dronepalgunj@gmail.com